# धुलिखेल नगरपालिका

**काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश**

## स्थानीय राजपत्र

खण्डः ३ | संख्याः ५ | मितिः २०७६/०३/३१

**भाग–१**

**धुलिखेल नगरपालिका**

# स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि २०७६

नगर सभाबाट पारित मितिः २०७६/०३/२०
प्रमाणीकरण मितिः २०७६/०३/३१

**प्रस्तावनाः**

स्थानीय आवश्यकता, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगत्मा आएको प्रभावलाई दृष्टिगत गरी स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रमको निर्माण अवधारणालाई प्रोत्साहन गर्ने मर्मलाई अङ्गीकार गरी केही विषयहरूमा आंशिक रूपले् र सम्भाव्य क्षेत्रमा छुट्टै विषयको रूपमा पठनपाठन हुन सक्ने स्थानीय पाठ्यवस्तु तयार गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) ले दिएको अधिकारी प्रयोग गरी धुलिखेल नगरसभाको पाँचौ अधिवेशनले यो कार्यविधि वनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधि को नाम “धुलिखेल नगर कार्यपालिका स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि २०७६” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “नगरपालिका” भन्नाले धुलिखेल नगरपालिका सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले धुलिखेल नगर कार्यपालिका सम्झनु पर्छ ।

ग) “ समिति” भन्नाले नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(घ) “प्रमुख” भन्नाले नगरकार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) “उपप्रमुख” भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) “ शाखा प्रमुख ” भन्नाले धुलिखेलनगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) “सदस्य” भन्नाले शिक्षा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको प्रमुख, उपप्रमुख तथा वडाअध्यक्ष समेतलाई जनाउँछ ।

(झ) “सभा” भन्नाले नगरसभालाई सम्झनुपर्छ ।

(ञ) “कार्यविधि” भन्नाले धुलिखेल नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि २०७६ सम्झनुपर्छ ।

ट) “स्थानीय पाठ्यक्रम” भन्नाले स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम सम्झनुपर्छ । यसले आधारभूत तहको कक्षा १-८ सम्म

सामाजिक र शारीरिक विषयमा २० प्रतिशत र मातृभाषा स्थानीय विषयको १०० पूर्णङ्कका स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्वीकार गर्दछ ।

ठ) "केन्द्र" भन्नाले पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्छ ।

# परिच्छेद २

## पाठ्यक्रममा स्थानीय पाठ्यक्रमको प्रावधान

यस पाठ्यक्रमले शिक्षाका माध्यमबाट ज्ञान, सिप, अभिवृद्धि लगायत पक्षलाई बढोत्तरी गर्दै समतामूलक समावेशी समाज निर्माण गर्न देशको वदलिदो परिवेशलाई आत्मसात गर्दै पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप स्थानीयकरणका आधारमा धुलिखेल नगरपालिकाको विद्यालय शिक्षामा पृष्टपोषण दिनेछ

१. यस कार्यविधिले शैक्षिक विकेन्द्रीकरण र पाठ्यक्रम सुधार पद्धति (Curriculum reform approach) को अवधारणा अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिने छ ।

२. आधारभुत शिक्षामा पाठ्यक्रममा राखिएका विषयहरूमध्ये सामाजिक अध्ययन, सिर्जनात्मक तथा शारीरिक शिक्षाका विषयका विषयवस्तुको ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले निर्माण गर्ने छ ।

३. मातृभाषा र स्थानीय विषयको पूरै पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने छ ।

४. नगरको भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय आदि विविधता र स्रोतहरू तथा स्थानीय आवश्यकता र चाहनालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले निम्न कुरा समेट्ने छः

क) सामाजिक विभिन्नताअनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन ।

ख) व्यक्ति/समूह/समाजको आवश्यकताको परिपुरण ।

ग) स्थानीय महत्वपूर्ण धार्मिक, पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक,कला कौशल, मठमन्दिर र गुम्वा दरवार जाति धर्म विशेषको चाडपर्व, स्थान विशेष, कला

कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्मान र परिचालन तथा संरक्षण र सम्बर्द्धन ।

घ) पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकतामुखी हुने गरि निरन्तर परिमार्जन ।

ङ) स्थानीय तहका सरोकारवालाहरू र संस्थाको सक्षमता अभिवृद्धि ।

## परिच्छेद ३

## पाठ्यक्रम निर्माण समिति गठन :

(१) स्थानीय स्तरमा पाठ्यक्रमको निर्माण अवधारणालाई प्रोत्साहन गर्ने मर्मलाई कार्यान्वयन गर्न नगरपालिकामा देहाय बमोजिमका व्यक्ति रहेको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्राविधिक समिति र विज्ञ समिति गठन गरिनेछ :-

**पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्राविधिक समिति**

(क) सामाजिक विषय समितिको संयोजक/सभापति अध्यक्ष ख) नगर प्रमुखले तोकेको नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट मनोनित एक जना - सदस्य

(ग) नगर प्रमुखले मनोनित गरेको पाठ्यक्रम विज्ञ एक जना - सदस्य

(घ) वि.व्य.स. का अध्यक्षहरुमध्ये नगर शिक्षा समितिबाट छनोट भएका एकजना - सदस्य

(ङ) सामुदायिक विद्यालयका प्र.अ.हरुमध्ये नगर शिक्षा मितिबाट मनोनित भएका एक महिला सहित दुईजना - सदस्य

(च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

***विज्ञ समिति***

(क) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक

(ख) नगर प्रमुखले मनोनित गरेको पाठ्यक्रम विज्ञ दुई जना - सदस्य

# परिच्छेद ४

## स्थानीय पाठ्यक्रमको निर्माण

(१) विद्यालयहरुमा पठन पाठन हुने स्थानीय पाठ्यक्रम नगरपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

१। स्थानीय पाठ्यक्रमका लागि आवश्यकता पहिचान भई विषय क्षेत्र छनोट भइसकेपछि शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घ र बुद्धिजीवी समेतको सुझाव सङ्कलन गरी स्थानीय पाठ्यक्रम बनाउनु पर्नेछ ।

२। दुई वा सोभन्दा बढीका विद्यालयको आवश्यकता र चाहना एउटै भएमा शिक्षा शाखाको नेतृत्वमा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

३। नगरभरिको आवश्यकता र विषय क्षेत्र एउटै भएमा शिक्षा शाखाले नेतृत्व गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

४। स्थानीय पाठ्यक्रम निर्माण गर्न प्राविधिक कठिनाइ परेमा पाठ्यक्रम विकास केन्द्रबाट यथासम्भव प्राविधिक सहयोग लिन सकिने छ ।

५। स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक बजेट नगरपालिकाबाट हुनेछ ।

६। पाठ्यक्रम, पाठयपुस्तक, र पाठयसामग्रीमा सुधार तथा नया पाठ्यक्रमको निर्माण गर्न शिक्षा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको वहुमत सदस्यको निर्णय बाट स्वीकृत भए बमोजिम लागु हुनेछ ।

# परिच्छेद ५

## स्थानीय पाठ्यक्रम निर्माणका चरण

स्थानीय तहको पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकासका सबै चरणहरू अपनाउनुपर्ने हुन्छ । ती चरणहरू निम्नानुसार छन्ः

(क) आवश्यकता पहिचान

(ख) उद्देश्य निर्धारण

(ग) विषयवस्तु छनोट

(घ) कक्षागत सिकाइउपलब्धि विवरण

(ङ) शिक्षण प्रक्रिया (क्रियाकलाप र विधि)

(च) विद्यार्थी मूल्याङ्कन

(छ) समय निर्धारण

**(क) आवश्यकता पहिचान**

- स्थानीय तहको पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहका प्रतिनिधि, स्थानीय तहका गैरसरकारी संस्थाका प्रतिनिधि, बुद्धिजीवी,उद्योगपति, व्यापारी, रोजगारदाता, अभिभावक, शिक्षक, स्रोतव्यक्ति, समाजसेवी, सामाजिक कार्यकर्ता र स्थानीय तहका सरकारी निकायका प्रतिनिधिहरूको सुझाव र सल्लाहमा विद्यालय वा शिक्षा युवा तथा खेलकुद शाखाको नेतृत्वमा के-कस्ता विषयवस्तुका स्थानीय पाठ्यक्रम बनाउने भन्ने बारेमा छलफल गर्ने।
- छलफल गर्दा राष्ट्रिय पाठ्यक्रमले दिएका विषयहरूलाई आधारका रूपमा लिई कुनकुन विषयमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने हो सो यकिन गर्ने ।
- स्थानीय तहमा नै शिक्षण गर्न सकिने विषयवस्तु केके हुन सक्छन् यकिन गर्ने ।
- सङ्कलित सूचनाहरूलाई विशेषज्ञहरूको सहयोगले प्राथमिकीकरण गर्ने ।

**(अ) आवश्यकता पहिचानका सम्भाव्य क्षेत्रहरू**

स्थानीय अंशको पाठ्यक्रम सम्बन्धित विषयहरूमा दिइसकिएको छ । त्यसैलाई आधार मानी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्नेछ ।

**(आ) स्थानीय पाठ्यक्रम निर्माणको सम्भाव्य जिम्मेवारी**

स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यालय र स्थानीय तहबाट सम्भाव्य पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

- **विद्यालय तह :** कुनै खास विद्यालयका लागि मात्र उपयोगी हुने विषयवस्तुको पाठ्यक्रम विद्यालयले सरोकारवालासंग परामर्श गरी विद्यालय आफैले निर्माण गर्ने ।
- **स्थानीय तह :** एकभन्दा बढी विद्यालयहरुका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासंग परामर्श गरी शिक्षा युवा तथा खेलकुद शाखाको नेतृत्वमा निर्माण गर्ने ।

**(इ) सुझाव सङ्कलन गर्ने आधारहरू**

- सामाजिक अध्ययन, सिर्जनात्मक र शारीरिक शिक्षाको स्थानीय पाठ्यक्रम निर्माण गर्दा केन्द्रले निर्माण गरेको पाठ्यक्रममा भएका विषयवस्तु अध्ययन गर्ने । यसबाहेक स्थानीय तहका लागि नपुग भएका कुराहरू केके हुन सक्दछन् भनेर सुझाव लिने ।
- स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्दा स्थानीय विषय केके हुन सक्दछन्, तिभित्र केकस्ता विषयवस्तु राख्ने भनेर सरोकारवालाहरूसंग छलफल गर्ने ।

**(ख) उद्देश्य निर्धारण**

स्थानीय तहका लागि निर्माण गरिने पाठ्यक्रम निर्माण गर्दा प्राथमिक शिक्षा पाठ्यक्रममा उल्लेख भएका प्राथमिक तहका उद्देश्यसंग मेल खाने गरी साधारण उद्देश्य निर्धारण गर्नुपर्ने हुन्छ । जस्तै उदाहरणका लागि प्राथमिक तह पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन् :

**स्थानीय तहमा प्रचलित परम्परागत व्यावसायिक सीपसम्बन्धी ज्ञान हासिल गर्न र त्यसको प्रवर्द्धन गर्न ।**

**(ग) विषयवस्तुको छनोट**

आवश्यकता पहिचान गरी प्राथमिकता क्रम निर्धारण गरेका आधारमा नै उद्देश्य निर्धारण गर्नुपर्ने हुँदा यसलाई नै विषयवस्तुको छनोटका लागि आधार बनाउने र छनोट भएका विषयवस्तुको विस्तृतीकरण गर्नुपर्छ ।

**(घ) कक्षागत सिकाइ उपलब्धि निर्धारण**

साधारण उद्देश्य र विषयवस्तुका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्नेछ । जस्तैकुन कक्षामा केकति, कस्तो खालको विषय

दिनुपर्ने हो सो यकिन गर्नुपर्दछ। यसका लागि विद्यार्थीको उमेर, ज्ञानको अवस्था, भाषिक स्तर, उमेर आदिलाई ध्यान दिनुपर्दछ ।

**(ङ) शैक्षिक सामग्री**

पाठको उद्देश्य पूरा गर्न आवश्यक, उपलब्ध हुन सक्ने र प्रयोग गर्न सकिने सामग्रीको व्यवस्था गर्नुपर्छ ।

**(च) शिक्षण विधि**

अ) सञ्चालन गर्न सकिने र साधारण उद्देश्यको कार्य पूरा सकिने शिक्षण सिकाइ क्रियाकलापहरुको पूर्व अनुमान गरी निर्माण गर्नुपर्छ ।

आ) स्थानीय रूपमा शिक्षण गर्नुपर्ने विषयको प्रभावकारी शिक्षण गर्न सम्भाव्य शिक्षण विधि, विद्यार्थी क्रियाकलाप उल्लेख गर्नुपर्दछ । यसमा स्थानीय रूपमा शिक्षणसिकाइ गर्नुपर्ने विषयको पाठ्यपुस्तक भएका विषयमा पाठ्यपुस्तक र अन्य विषयमा विद्यार्थीले गरेर सिक्ने, देखेर सिक्ने, प्रदर्शन गर्ने, स्थानीय स्रोत व्यक्तिलाई आमन्त्रण गरी कक्षा सञ्चालन गर्ने, विद्यार्थी क्रियाकलापबाट सम्पन्न हुने, अवलोकन, निरीक्षण र भ्रमण गरी सिक्नुपर्ने छलफल, एप्रेन्टेसीप कार्यक्रम, स्थलगत भ्रमण, स्थानीय व्यक्तिसंगको अन्तर्क्रिया र विभिन्न कार्यक्रमहरूमा विद्यार्थी सहभागिता जस्ता विधि हुन सक्छन् ।

**(छ) विद्यार्थी मूल्याङ्कन**

अ) स्थानीय पाठ्यक्रमअनुसार शिक्षण सिकाइ हुने विषयमा विद्यार्थीले गरेर, अवलोकन गरेर सिक्ने भएकाले त्यही अनुसार सहभागिता, अभिप्रेरणा र प्रोत्साहन अवलोकन र सोको अभिलेख प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

ख) औपचारिक परीक्षाभन्दा अनौपचारिक मूल्याङ्कनलाई महत्व दिइनेछ ।

ग) स्थानीय पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई निरन्तरता दिइनेछ । यसका लागि शिक्षकले विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराई उनीहरूले गरेका क्रियाकलापको अवलोकन गरी विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ ।

**(ज) समय निर्धारण**

अ)	राष्ट्रिय पाठ्यक्रमले तोकेको समय र पाठ्यभार अनुसार शिक्षण सिकाइ समय निर्धारण गर्नुपर्नेछ ।

आ)	स्थल भ्रमण, अध्ययन भ्रमण आदि गर्दा अन्य विषयको पठनपाठनलाई बाधा नपर्ने गरी लैजाने व्यवस्था मिलाउनुपर्नेछ ।

इ)	स्थानीय पाठ्यक्रममा शारीरिक र सिर्जनात्मक कलालाई २० प्रतिशत र सामाजिक अध्ययनलाई २०प्रतिशतअङ्क भार छुट्याउनु पर्नेछ । यसका लागि सामाजिक अध्ययनलाई वार्षिक ५/६ हप्ता, त्यसै गरी सिर्जनात्मक कलालाई र शारीरिक शिक्षालाई पनि ३/४ हप्ता पठनपाठन गराउने व्यवस्था गर्नुपर्नेछ ।

ई)	स्थानीय विषयका लागि १२८ घन्टी पठनपाठन गराउने व्यवस्था गर्नुपर्छ ।

**झ)	मूल्याङकन**

कक्षाकार्य, परियोजनाकार्य, सहभागिता, अवलोकनका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्छ ।

## परिच्छेद ६

## स्थानीय पाठ्यक्रमको कार्यान्वयन

अ)	स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न उद्योगपति, व्यापारी, बुद्धिजीवी, शिक्षक, स्रोत व्यक्ति आदिलाई संलग्न गराई स्रोतव्यक्तिका रूपमा कक्षा कोठामा ल्याई अन्तर्क्रिया गराउनुपर्छ । स्थानीय व्यक्तिसंग भेट, अन्तर्क्रिया, स्थलगत भ्रमण, पुरातात्विक, भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, कृषि व्यवसायमा संलग्न व्यक्तिसंग गई साक्षात्कार कार्यसमेत गराउनुपर्ने छ ।

आ)	सम्बन्धित विद्यालयका शिक्षकमा तोकिएका विषयमा विशेषज्ञता हासिल भए सोही शिक्षकबाट पठनपाठन गराउनुपर्ने छ ।

इ)	विषयको प्रकृतिअनुसार समुदायमा रहेका उक्त विषयमा सीप वा ज्ञान वा व्यवसाय गरी बसेका वा पेसाका व्यक्तिहरूलाई विद्यालयमा

आमन्त्रण गरी उल्लिखित विषयमा छलफल, प्रश्नोत्तर गरी विद्यार्थीलाई सिकाउन सकिनेछ ।

ई) उल्लेखित विषयको जानकारी लिन स्थलगत भ्रमण गर्नुपर्ने, सोही स्थानमा गई अध्ययन गर्नुपर्ने विषयमा तत् स्थानमा नै विद्यार्थीलाई भ्रमण गराई प्रत्यक्ष अध्ययन गराउनुपर्दछ ।

ए) विद्यार्थीहरूलाई विषयवस्तुको जानकारी गराउन योजनाकार्य ( Project work) पनि दिन सकिनेछ।

ऐ) पाठ्य सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्नेछ ।

## परिच्छेद ७

## पाठ्यक्रम परिमार्जन

अ) स्थानीय तहको पाठ्यक्रम निर्माण गरेको विद्यालय वा नगरपालिकाले यसको कार्यान्वयनमा परेका कठिनाइ र अध्ययनको सुझाव आदिका आधारमा परिमार्जन गर्न सक्नेछ ।

आ) विद्यालय तहमा कार्यान्वयन गर्दाका बखत आएका पृष्ठपोषणका आधारमा विद्यालय स्वयम्ले पनि स्थानीय पाठ्यक्रम परिमार्जन गर्न सक्दछ ।

इ) केन्द्रले पाठ्यक्रम परिमार्जन गर्दा स्थानीय तहको पाठ्यक्रमलाई समेत आवश्यक संशोधन गर्ने गरी स्थानीय पाठ्यक्रम परिमार्जन गर्न सक्दछ ।

ई) पहिलो वर्ष परिक्षणका रुपमा लागु गरी सरोकारवालाहरु बाट प्राप्त पृष्ट पोषणका आधारमा दोस्रो वर्ष पाठ्यकम  परिमार्जन गरिने छ । प्रत्येक दुई दुई वर्षमा यसमा सिंहावलोकन गरिनेछ ।

आज्ञाले<br>
तारानाथ लुइटेल<br>
प्रमुख प्रशासकीय अधिकृत